# पिपरिचापा महिला सामुदायिक वन उपभोक्ता समुह
## कञ्चन-१, रुपन्देही

मिति : २०७७।११।१२

**विषय : काठदाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(मेचिकाली राष्ट्रिय दैनिकमाप्रथम पटक प्रकाशित मिति २०७७।११।१२)

प्रस्तुत विषयमा यस साझेदारी वनबाट स्विकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको क्रममा आ.व.०७६/७७ मा उत्पादन भई उपभोक्ताहरुदाई वितरण गरी बचेको कार्यालय कम्पाउण्डमा घाटगद्दी भएका देहाय बमोजिमका विभिन्न जातका काठदाउरा हाल जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलवन्दी प्रथाद्धारा लिलाम बिक्री गर्नु पर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना दाउरा प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने इजाजत प्राप्त मु.अ.करमा दर्ता भएका व्यवसायीले यो सूचना मेचीकाली राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले २१ दिन भित्र तोकिएको निकायबाट बोलपत्र खरिद गरि २२ औं दिन दिउसो १:०० (एक) बजे भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

१. तपसिल

| लट नं. | प्रजाति | गोलिया थान | आयतन ( क्यु.फि.) | न्यूनतम मूल्य दर प्रति क्यू.फू. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|
| १/०७७/७८ | अस्ना | ३९ | ८९५.६८ | | | |
| | A ग्रेड | २५ | ६७०.९७ | ६३० | ४२२७११.१० | ८०५१६.४० |
| | B ग्रेड | १४ | २२४.७१ | ५०० | ११२३५५ | २६९६५.२० |
| | जमून | २ | १४.४६ | | | |
| | B ग्रेड | २ | १४.४६ | ५०० | ७२३० | १७३५.२० |
| | जम्मा | ४१ | ९१०.१४ | | ५४२२९६.१० | १०९२१६.८० |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-
   (क) खरिद गर्ने अन्तिम मिति २०७७/१२/०३ गते कार्यालय समयसम्म ।
   (ख) दाखिला गर्ने अन्तिम मिति २०७७/१२/०४ गते दिउसो १.०० बजेसम्म ।

३. बोलपत्र जिल्ला वन कार्यालय, रुपन्देही र यस समुहको कार्यालयबाट नियमानुसार हुने रकम तिरि खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समुहको नाममा ग्लोबल बैंक सालझण्डी शाखामा रहेको हिसाव नं. N901010000279 चल्ती खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्बन्धित घाटगद्दी स्थलमा गै हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७७।१२।०५ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

# पिपरिचापा महिला सामुदायिक वन उपभोक्ता समुह

## कञ्चन ५, रुपन्देही

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०.शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र, शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी लुम्बिनी साझेदारी वन व्यवस्थापन समुहको काठ लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०७७ साल फाल्गुण महिना १२ गते रोज ३मा शुभम् ....................................